बैठक संख्याः- ३१

आज मिति २०८० साल आषाढ ९ गते शनिवारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा वसि निम्न वमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

**उपस्थिती**

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन वुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा का.वा.अध्यक्ष | श्री चन्द्रप्रसाद दंगाल | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** मिति २०८०।०३।०१० गते आइतबार हुने दोस्रो कार्यकालको तेस्रो नगरसभाको पहिलो बैठकमा आगामी आ.ब. ०८०/८१ को लागि तपशिल बमोजिमको नीति, बजेट तथा कार्यक्रम पेश गर्ने निर्णय गरियो।

**तपशिल**

## राजश्व परिचालन नीति

१। नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पति कर, मालपोत तथा भूमिकर, व्यवसाय कर, जडीबुटी कवाडी तथा जीवजन्तु कर लगायत सम्पूण कर तथा गैर कर राजश्वका दरमा सामान्य थप तथा संशोधन वाहेक साविक बमोजिम रहनेछ ।

२। व्यवसाय करलाई अझ व्यवस्थित गर्न स्थानीय संरकार संचालन ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम लगानी र कारोवारको आधारमा दर्ता तथा नविकरण गरिने छ। उक्त व्यवस्थामा एक करोड सम्मको कारोवार हुंने फर्म कम्पनीको कर साविक वमोजिम र सोभन्दा माथिको कारोबारमा थप कर लिइने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

३। वहाल करको दायरा फराकिलो पार्दै आवासीय प्रयोजनको लागि लागेका घर कोठाहरुको वहाल कर संकलन गर्न सम्वन्धित टोल विकास संस्था परिचालनको नीति अवलम्वन गरिनेछ । सोको कार्यान्वयनको लागी कानून तथा कार्यविधि तर्जुमा गरी कर संकलन व्यवस्थित गर्ने र टोल विकास संस्थावाट संकलित रकमको लगत राखी उठेको रकमको केही हिस्सा सोही क्षेत्रको विकास निर्माण कार्यमा वडाको समन्वयमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

४। जग्गाको वर्गीकरणलाई आधारमानी सम्पति कर र मालपोत तथा भूमिकर संकलन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ । कृषिक्षेत्रमा वर्गिकरण गरिएको जग्गाहरुमा मालपोत तथा आवासीय, व्यापारिक तथा औधोगिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा सम्पतिकर लगाइने व्यवस्था आ. व. ०८०/८१ वाटै शुरु गरिनेछ ।

५। अटो ग्यारेजहरुलाई साविक क्षेत्र (वडा नं ६ बसपार्क पूर्व वुट्टावारीसम्म) व्यवस्थित गर्ने जोड दिइनेछ ।

६। करदाता शिक्षा, घुम्ती सेवालाई अझ प्रभावकारी बनाई कार्यान्वयनमा लगिनेछ। करदाताको एकीकृत अभिलेख व्यवस्थापन गरी प्रविधिमा आधारित कर अभिलेखाङ्कन तथा भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

७। राजश्व सुधार कार्ययोजना प्रतिवेदन तथा राजश्व परामर्श समितिवाट प्राप्त सुझावलाई क्रमश कार्यान्वयन गर्दै राजश्वका क्षेत्रहरुको विस्तार गर्दै लगिनेछ ।

८। राजश्व अभिवद्धिका लागि सरकारी अर्धसरकारी तथा निजी संघसस्थासँग सहकार्यको नीति अवलम्वन गरी करको दायरामा नआएका करदातालाई कर तिर्न प्रोत्साहन गरिनेछ ।

९। नगर क्षेत्रभित्र उद्योग वाणिज्य तथा सेवा क्षेत्रमा कार्यरत भारतीय श्रमिकलाई नगरपालिकामा सूचिकरण गरी तथ्याङक संकलन गरी करको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ ।

CamScanner

१०। नक्सापासको दायरामा नआएका घरलाई टोल विकास समिति मार्फत दर्तामा ल्याउन अभियान संचालन गरिनेछ ।

११। वास्तविक कृषकहरुलाई कृषि कर्ममा उत्साहित गर्न व्यवसाय दर्तामा दिइदै आएको छुटलाई निरन्तरता दिदै नवीकरणमा समेत छुट व्यवस्था कार्यान्वयनमा लगिनेछ । नक्सापासमा एकल महिला तथा सबै महिलाहरुको नाममा दर्ता हुदाँ दिइदै आएको कर छुट रकमलाई समेत निरन्तरता दिइनेछ ।

१२। करदाता प्रोत्साहित गर्न धेरै कर तिर्ने र नियमित कर तिर्ने करदाताहरुलाई पुरस्कृत गरिनेछ । समयमा नतिर्ने तथा दर्ता हुन नआउने करदातालाई दण्ड तथा जरिवानाको व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

## शिक्षा सम्बन्धी नीति

१३। नगर भित्र सञ्चालित सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार गुणस्तर र वातावरणमा सुधार गरी प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइनेछ ।

१४। संस्थागत विद्यालयहरुमा सीपमा आधारित सिकाइ र गुणस्तीय शिक्षा सुनिश्चतताका लागि कार्यसम्पादनमा आधारित अडिट कार्यक्रम सञ्चालन गरिनेछ ।

१५। सामुदायिक विद्यालयहरुमा अगामी ५ वर्ष भित्र वालमैत्रीपूर्ण कक्षा कोठा, स्वच्छ, सफा खानेपानी, गेट सहित कम्पाउण्ड वाल निर्माण, बालमैत्री कम्प्युटर कक्ष, पुस्तकालय, सवै विषयहरुका प्रयोगात्मक ल्याब, खेल मैदान, शौचालय, फर्निचर जस्ता पूर्वाधार निर्माण गरी शैक्षिक गुणस्तरको विंकासमा जोड दिइनेछ ।

१६। सबै विद्यालयमा प्रविधिमैत्री कक्षाकोठा निर्माणका लागि आवश्यक सहयोग गरिनेछ ।

१७। शिक्षाको गुणस्तर बढाउन अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइ थप प्रभावकारी बनाइनेछ । समुदाय परिचालन मार्फत सुलभ रुपमा अंग्रेजी माध्यमको पठनपाठनलाई प्रोत्साहित गरिनेछ ।

१८। प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्न इच्छुक नगर भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रबृति सम्बन्धी कार्यविधि निर्माण गरी तोकिए अनुसार छात्रवृत्ति प्रदान गरिनेछ ।

१९। कक्षा ८ देखि माथिका माध्यमिक तह शिक्षालाई सीपसँग, रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग, श्रमलाई रोजगारीसँग र सीपलाई श्रमसँग जोड्नको लागी पढ्दै कमाउंदै कार्यक्रमलाई संघीय सरकारसंगको सहयोगमा सम्भाव्यता अध्ययन गरिनेछ ।

२०। प्रत्येक शुक्रवार २ घण्टाको समय सामुदायिक विद्यालय र संस्थागत विद्यालयका कक्षा-८ देखि माथिका विद्यार्थीहरुलाई रुचि अनुसारको सीप विकास र रोजगारमूलक क्षमता अभिवृद्धिका प्रयोगात्मक कक्षा नमूनाको रुपमा सुरुवात गरिनेछ ।

२१। नाफारहित सामुदायिक क्याम्पस तथा शैक्षिक कार्यक्रम संचालन गर्ने प्रतिष्ठानहरुको स्तरोन्नती तथा प्रविधि र शैक्षिक गुणस्तर सुधारको लागि सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

CamScanner

२२। सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्मका बालवालिकाहरुलाई विद्यालय पोशाक वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३। विद्यालयका शिक्षक तथा कर्मचारीको क्षमता विकासमा जोड दिइनेछ । नगरस्तरमा विषयगत समिति निर्माण गरी सिकाइ सुधारमा क्रियाशील बनाइनेछ ।

२४। स्थानीय पाठ्यक्रममा आधारित सचेतना शिक्षा सम्वन्धी विषयको परिमार्जन तथा अद्यावधिक गर्दै लगिनेछ ।

२५। विद्यालय स्तरीकरण मापदण्ड तयार गरी संस्थागत विद्यालयहरुमा कार्यान्वयन गरिनेछ र सोही अनुसार विद्यार्थी शुल्कलाई समायोजन गर्दै लगिनेछ ।

२६। वालवालिकाहरुको पहुँच तथा निरन्तरता वृद्धि गर्न विभिन्न संघसंस्थासँगको समन्वयमा विद्यालयमा सवारी साधन व्यवस्थापनको प्रोत्साहन गरिनेछ ।

२७। विद्यालयमा पूर्ण सरसफाई वगैंचा निर्माण तथा अभिभावक/जुनियर रेडक्रस/वालक्लव सचेतना, जस्ता कार्यक्रमहरु संचालन गर्न विद्यालयमा रहेका फूलवारी, स्काउट आदिको क्षमता विकास गरी परिचालन गरिनेछ ।

२८। तीन वर्ष भित्रमा नगर क्षेत्रका शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार पूरा गरी अपाङ्गमैत्री र प्रविधियुक्त विद्यालय हुनेछ भन्ने धेयका साथ सम्पूर्ण बालवालिकालाई विद्यालयमा ल्याऔं, टिकाऔं र सिकाऔं भन्ने अभियानलाई निरन्तरता दिइनेछ ।

२९। सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई निःशुल्क सेनिटरी प्याडको व्यवस्थालाई निरन्तरता दिइनेछ ।यसबाट छात्राहरुको भर्ना तथा टिकाउ दरमा वृद्धि भई सिकाइस्तरमा सुधार हुने अपेक्षा गरिएको छ ।

३०। विर्तामोड न.पा.को मातहतमा रहेका सामुदायिक विद्यालयले विद्यार्थी भर्ना गर्न न.पा.का स्थायी बसोबास भएका विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिई स्थानीयलाई कम्तीमा ८०% सिट सुरक्षित हुने गरी भर्ना गराउने नीति लिइएको छ ।

## स्वास्थ्य नीति

३१। मौलिक हकका रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुँच **(Universal Health Coverage)** मा पुग्नेगरी प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।

३२। स्वास्थ्य सेवाहरु सर्वसुलभ एवं प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको योजना, प्राप्ती, विकास तथा उपयोग गरिनेछ ।

३३। आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गरिनेछ ।

३४। गुणस्तरीय औषधि र स्वास्थ्य सामाग्रीको सहज, नियमित तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गरिनेछ ।

३५। नगर क्षेत्रभित्रका निजी अस्पताल, क्लिनिक तथा निजी स्वास्थ्य संस्थाहरुको नियमित नियमन, नियन्त्रण, अनुगमन तथा विभिन्न सूचकहरुको रिपोर्टिङ गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै नगर क्षेत्रभित्रका निजी अस्पताल, क्लिनिक तथा नीजि स्वास्थ्य संस्थाहरुवाट निस्कने फोहोर को उचित व्यवस्थापन सम्वन्धमा प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ ।

CamScanner

३६। स्वास्थ्य सम्वन्धी सन्देश एवं सूचना सुलभ रुपमा प्राप्त गर्ने सूचनाको हक सम्वन्धी अधिकारलाई कार्यरुपमा परिणत गर्न शिक्षा, सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिई जनस्वास्थ्य प्रवर्द्धन गरिनेछ।

३७। गुणस्तरीय एवं स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, प्रयोग मार्फत कुपोपणलाई न्यूनीकरण गरिनेछ।

३८। सक्षम एवं जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।

३९। स्वास्थ्य क्षेत्रको व्यवस्थित तथा गुणस्तरीय विकासका लागि सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यलाई प्रवर्द्धन गरिनेछ।

४०। स्वास्थ्य सँग सम्वन्धित वहुपक्षीय सरोकारवाला निकायहरुको सहकार्यलाई थप सुदृढ गरिनेछ।

४१। स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनका लागि वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा वाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गरिनेछ।

४२। उपमेयरसँग गर्भवती महिला क्याल्सियम खरिद प्रक्रियालाई निरन्तरता दिनुका साथै नगर भित्रका विपन्न गर्भवती महिलाहरुलाई निशुल्क ल्याव परिक्षण ANC प्याकेज तथा USG सेवा निशुल्क गरिनेछ।

४३। महिलालाई हुने समस्याहरु : स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, आङ्ग खस्ने र फिस्टुला समस्याका वारे खोज पडताल पहिचान तथा उपचार र शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४४। महिला स्वास्थ्य स्वंयसेविका वैठक सञ्चालन प्रोत्साहन तथा भिटामिन "ए" लगायतका कार्यक्रम सञ्चालन गरी व्यवस्थित गर्दै निरन्तरता दिइनेछ।

४५। महामारी व्यवस्थापन तथा आकस्मिक रुपमा आइपर्ने स्वास्थ्य विपद व्यस्थापन तथा किटजन्य रोग, रोकथाम, पहिचान, नियन्त्रण र व्यवस्थापन कार्यक्रमलाई व्यापक वनाईनेछ।

४६। क्षयरोग तथा कुष्ठरोगको सक्रिय खोज पड्ताल तथा रोग नियन्त्रण कार्यक्रमलाई व्यापकता दिई क्षयरोग तथा कुष्ठरोगको संक्रमणलाई न्यूनीकरण गरिनेछ।

४७। वालवालिकाहरुले पूर्ण खोप पाएको शुनिश्चित गर्न कार्यक्रमको समिक्षा, घरधुरी सर्वेक्षण, पूर्ण खोप घोषणा सभा तथा ५ वर्ष मुनिका वालवालिकाहरुको पोषण अवस्थाको सक्रिय लेखाजोखा तथा कुपोषण व्यवस्थापनलाई निरन्तरता दिदै गर्भवती र सुत्केरी आमाहरुको जीवनरक्षा र स्वास्थ्य सुधार तथा पोषण मैत्री वातवरणको सुनिश्चितता गरिनेछ।

४८। आधारभुत स्वास्थ्य सेवाको न्यूनतम सेवा मापदण्ड तथा स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधार गर्दै सेवालाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

४९। मधुमेह, उच्च रक्तचाप जस्ता नसर्ने रोगहरु सम्वन्धि कार्यक्रमलाई व्यापक वनाईनेछ।

५०। विर्तामोड नगर अस्पतालमा २४ घन्टे प्रसुती सेवा तथा २४ घन्टे आकस्मिक सेवा संचालन गरिनुका साथै डायलाइसिस सेवा सुचारु गरिनेछ।

CamScanner

५१। विर्तामोड नगर अस्पताललाई स्वास्थ्य बिमा कार्यक्रमको प्राथमिक बिन्दुको रुपमा भएको सेवा विस्तारलाई निरन्तरता दिदै नगर भित्रका अति बिपन्न परिवारलाई छनौट गरी विपन्नहरुका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई पनि निरन्तरता दिईनेछ ।

५२। विद्यालय परिसर (२०० मिटरको क्षेत्र) लाई पूर्णत सूर्तिजन्य तथा मदिराजन्य वस्तु बिक्री वितरण तथा सेवन निषेत्धित क्षेत्र घोषणा गर्दै क्रमकशः विर्तामोड नगरभित्र सूर्तिजन्य पदार्थ (चुरोट, खैनी, गुट्का आदी) को विक्री वितरणमा पूर्णरुपमा रोक लगाईनेछ ।

## कृषि विकास नीति

*"कृषकको समृद्धि व्यवसायिकरण र आधुनिक प्रविधि"*

५३। **सम्पूर्ण नागरिकहरुको खाद्य सुरक्षाको प्रत्याभुति गर्न** कृषिको संरक्षण र विकासले सर्वोपरी महत्व राखेको हुन्छ । हरेक नागरिकलाई प्रर्याप्त, पोषणयुक्त र गुणस्तरिय खाद्यान्नमा नियमित पहुँच पुऱ्याउनु सरकारको कर्तव्य हो । खाद्यान्न वालीको उत्पादनलाई सुनिश्चित गर्नका लागि शुलभ मूल्यमा गुणस्तरीय बीउ कृषकहरुलाई उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । महामारीजन्य रोग तथा किराहरुबाट कृषकहरुको बाली सुरक्षित गर्नका लागि संचालन गरिएको आकस्मिक बाली संरक्षण कार्यक्रमलाई यो वर्ष पनि निरन्तरता दिईनेछ ।

५४। सिंचाई कृषिको पहिलो आधार हो । नगरक्षेत्र भित्रका सम्पूर्ण कृषि योग्य जमिनलाई सिंचित गर्ने नीति अनुसार हालसम्म ८०७ वटा **साना सिंचाई कार्यक्रम** मार्फत २४२१ विगाह क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ । यो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५५। **कृषिमा यान्त्रिकीकरण** आधुनिक कृषिको आधार स्तम्भ भएको हुँदा गत वर्ष भैं यो कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकहरुलाई मकै छोडाउने मेसिन, साना कृषि औजारहरु र आधुनिक स्प्रेयर मेसिन उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । ठूला कृषि यन्त्रहरु सञ्चालनका लागि कष्टमहेयरिङ सेन्टर स्थापना गरि सञ्चालनमा ल्याईनेछ ।

५६। **मेयर विषादिमुक्त नगर कार्यक्रम**लाई निरन्तरता दिइनेछ । यो कार्यक्रम अन्तर्गत हालसम्म ११७ जना व्यवसायिक कृषकहरु तरकारी उत्पादनमा आवद्ध भै व्यवसायिक तरकारी उत्पादन गरिरहेका छन् । यो वर्ष थप ४० जना कृषकहरुमा यो कार्यक्रम विस्तार गरिने छ । कार्यक्रममा आवद्ध कृषकहरुलाई प्लाष्टिक मल्चिङ्ग, प्लाष्टिक घर, एग्रो नेट, नर्सरी ट्रे, ग्रीन नेट, भर्मी कम्पोष्ट, जैविक विषादि र वानस्पतिक विषादि जस्ता प्रविधिहरुमा सहयोग गरिनेछ । नगरपालिका क्षेत्र भित्र हुने सबै कृषि प्रणालीलाई प्रांगारिक अर्थात अर्गानिक वनाउदै लगिने छ र प्रांगारिक खेतिका लागि आवश्यक जैविक मल र जैविक कीटनाशक तथा रोगनिरोधक औषधीहरुको उत्पादन, कारोवार र प्रयोगमा सहुलियत प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।

५७। कृषिलाई निर्वाहमुखीवाट व्यवसायिक बनाउँदै उद्यमका रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ । **मेयर विषादिमुक्त नगर कार्यक्रम**मा आवद्ध कृषकहरुद्वारा उत्पादित **विषादिरहित तरकारीको बजार** व्यवस्थापन गरिनेछ । विर्तामोड नगरपालिका स्थित कृषिथोक बजारमा तरकारी संकलन केन्द्र निर्माण गरी उक्त संकलन केन्द्रमा संकलन भएका तरकारीहरु वजारक्षेत्र भित्र आवश्यक संख्यामा तरकारी बिक्री केन्द्रहरु मार्फत विक्री वितरण गरी उपभोक्ताहरुलाई सहज रुपमा उपलब्ध गराईनेछ । स्थानीय, स्वदेशी र विदेशी वजारहरुसम्म

CamScanner

यहाँका उत्पादनहरुको बजार विस्तार गर्न आवश्यक बजार संयन्त्र विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

५८। तरकारीमा प्रयोग भएको विषादीको मात्रा निरन्तर जांच गरिनेछ । १५ प्वाइन्ट भन्दा माथिको विषादीको मात्रा भएको तरकारी विक्री वितरण गर्न पाइनेछैन ।

५९। कृषि पेशालाई सुरक्षित, भरपर्दो, दिगो र सम्मानजनक बनाउन कृषिका मुल्य श्रृंखलाका चरणहरुमा कृषि बीमा कार्यक्रम प्रोत्साहन गरिनेछ ।

६०। कृषि तथा पशुपंक्षीसँग सम्बन्धित व्यवसायहरुको मुल्य श्रृंखला विकास गरी त्यसमा पर्ने उत्पादन, संकलन, ढुवानी, गोदाम व्यवस्थापन, प्रशोधन, प्याकेजिङ, बजारीकरण र प्रवर्द्धनात्मक कृयाकलापको संयोजन गरी एकीकृत कृषि विकास कार्यक्रम संञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

६१। स्थानीय कृषक, कृषि उद्यमी तथा वैदेशिक रोजगारीबाट फर्केर नगरं क्षेत्रभित्र कृषि उद्यम व्यवसायिक फार्म सञ्चालन गर्न चाहने युवाहरुलाई प्राविधिक तथा व्यवसायिक तालिम एवम् सहुलियत कृषि कर्जाका लागि प्रोत्साहन एवम् सहजीकरण गरिनेछ ।

६२। आलु तथा तेलहन वालीको वृहत र व्यवसायिक उत्पादनका लागि **एक समुह एक उत्पादन** कार्यक्रम मार्फत व्यवसायिक तोरी उत्पादनलाई निरन्तरता दिइनेछ ।

६३। तोरी, फापर, सूर्यमुखी र अन्य तरकारी तथा फलफुल वालीहरुमा उत्पादन वृद्धि गर्न मौरीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मौरीघार विस्तार गरी वाली र महको उत्पादन वृद्धि गर्ने कार्यकम गत आ.व.वाट शुरु गरि सकिएको छ । मौरी गोलाहरुलाई विस्तार गर्दै महको बजारीकरण गर्ने कार्यकम चालु आ.व. वाट नै शुरु गरिनेछ ।

६४। हालसम्म नगरपालिकामा दर्ता भएका २४१ समुहहरुको व्यवस्थापकीय क्षमतामा सुधार गर्दै थप नयाँ कृषक समुह दर्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५। जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै खाली जग्गामा तरकारी फलफूल तथा अन्य वाली लगाउन प्रोत्सहित गरिनेछ ।

६६। उल्लेखित सवै नीति कार्यक्रेमहरुका लागि प्रदेश र संघीय सरकार, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृ र सहयोगी संस्था, निकाय, विदेशस्थित नेपाली संस्थाहरु, निजी क्षेत्र लगायतको समन्यव र संयोजनमा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गरिनेछ ।

**पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धी नीति**

६७। नगरपालिका क्षेत्र भित्र रहेका गरीव तथा पिछडिएको वर्गहरुको आर्थिक समृद्धिका लागी मेयर पकेट प्याकेज ग्रामिण वाखा, वंगुर साटासाट कार्यक्रम कार्यविधि परिमार्जित गरी कार्यक्रम संचालन गरिनेछ ।

६८। माछा र मासुको वजार प्रवर्द्धन गर्न मिटमार्ट निर्माणमा प्रोत्साहन गरिनेछ ।

६९। माछापालन व्यवसायलाई उद्योगको रुपमा विकास गर्दै नया आधुनिक पोखरी निर्माण तथा मत्स्य यान्त्रिकीकरणमा जोड दिईनेछ ।

७०। छिमेकी मुलुकवाट मरेको माछा वा अखाध्य माछा विक्री वितरणमा रोक लगाईनेछ ।

७१। पशुपंक्षीहरुलाई लाग्ने विभिन्न महामारीजन्य रोगहरुवाट वचाउन आवश्यक खोपको व्यवस्था मिलाईनेछ ।

७२। सडक सामुदायिक कुकुरहरुको नियन्त्रणको लागी कुकुर वन्ध्याकरण कार्यलाई निरन्तरता दिईनेछ । साथै रेविज रोग नियन्त्रणको लागी सवै वडाहरुमा कुकुर विरालोहरुको लागी निःशुल्क रेविज विरुद्धको खोप कार्यलाई निरन्तरता दिईनेछ ।

७३। पशु विमा कार्यक्रम अर्न्तगत पशु विमा गर्दा कृषकले तिर्ने शुल्कमा ५० प्रतिशत अनुदानको कार्यलाई निरन्तरता दिईनेछ ।

CamScanner

७४। नगरलाई दुध र मासुमा आत्मनिर्भर बनाउन कृत्रिम गर्भाधान कार्यलाई अझ प्रभावकारी बनाईनेछ। साथै उन्नत जातको बाछी जन्माउन सेक्सड सिमेनको व्यवस्था मिलाईनेछ।

७५। दुध संकलन कार्यमा प्रयोग हुदै आएको प्लास्टिकजन्य भाडाहरुलाई निरुत्साहित गर्न ५० प्रतिशत लागत साझेदारीमा एल्मोनियमजन्य भाडा वितरण कार्यलाई निरन्तरता दिईनेछ।

७६। दुधजन्य पदार्थको बजार सुनिश्चितताको लागी चिलिङ्ग भ्याटको स्थापना गरिनेछ।

७७। पशुपंक्षीहरुको लागी आवश्यक आन्तरिक तथा बाह्य परजिवीहरुको औषधी, बाझोपन भएका पशुहरुलाई विज्ञद्वारा रोग पहिचान गरी आवश्यक औषधी, पशु बन्ध्याकरण सेवा कार्यालयबाट निशुल्क प्रदान गरिने व्यवस्था मिलाईनेछ। साथै प्रयोगशाला सेवालाई अझ प्रभावकारी बनाईनेछ।

७८। पशुउपचार तथा रोग निदान कार्यलाई प्रभावकारी बनाउन घुम्ती सेवा शिविर संचालन गरिनेछ।

७९। पशु आहारा प्रर्वद्धनका लागी हिउदे तथा बर्षे घासको विउ ५० प्रतिशत साझेदारीमा तथा मिनिकिट निःशुल्क वितरण गरिनेछ।

८०। आ. व. ०७९/०८० मा संचालनमा रहेको बाखा प्रर्वद्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८१। किसान सूचीकरण कार्यलाई निरन्तरता दिईनेछ।

८२। विभिन्न रोगहरुको सर्भिलेन्स, नमुना संकलन, सम्प्रेषण सम्बन्धित निकायमा गरिनेछ।

८३। स्वच्छ, सफा एवं संक्रमणरहित दुध तथा दुग्धजन्य पदार्थ सेवनको लागी त्रैमासिक रुपमा दुध संकलन केन्द्र तथा गाई फार्महरुमा थुनेलो रोग परीक्षण तथा निवारणको लागी निःशुल्क आवश्यक औषधी उपचारको व्यवस्था गरिनेछ।

८४। जलवायु परिवर्तनबाट पशुपंक्षीहरुलाई पर्ने असर न्युनिकरण गर्न जनचेतनाको लागी विज्ञद्वारा तालिम तथा गोष्ठी संचालन गरिनेछ।

८५। पशुपंक्षीहरुसंग सम्बन्धित फार्म, भेटेरीनरी पसल, दुध डेरी, मासु पसल, कृषक समूह, सहकारी आदीको रेकर्ड दर्ता तथा नवीकरणको कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ।

८६। प्रदेश तथा केन्द्रियस्तरका सरकारी निकायहरुसंग समन्वय गरी पशु बिकास सम्बन्धी कार्य संचालन गर्न पहल गरीनेछ।

२१. कृषकहरुलाई व्यवसायीक बनाउन व्यवस्थापन र आहारा सम्बन्धि तालिमको व्यवस्था मिलाईनेछ।

८७। पशु फार्महरुको उत्पादकत्व वढाउन तथा उत्पादन लागत कम गर्न ५० प्रतिसत लागत साझेदारीमा दाना पिसाउने मेसिनको व्यवस्था मिलाईनेछ।

## न्यायिक निरुपण सम्बन्धी नीति

८८। स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार क्षेत्र भित्र रही न्यायिक समितिमा पर्न आउने सबै विवादहरुको कानून सम्मत र सहज न्यायिक निरुपण गरि न्यायको अनुभूती दिलाईनेछ ।

८९। प्रत्येक वडामा आउने विवादहरुको मेलमिलाप गराउनका लागी १० वटै वडामा मेलमिलाप केन्द्रको गठन गरी वडाका उजुरी माथिको न्यायिक कार्बाही गरिनेछ ।

९०। सबैका लागि न्याय सुनिश्चित गर्दै न्यायिक समितिप्रतिको जनआस्था र विश्वास कायम गरि शान्तिपुर्ण समाज निर्माणका लागि कानूनी र व्यवहारिक रुपमा सदैव कार्य संचालन गरिनेछ ।

CamScanner

९१। वडाको मेलमिलाप केन्द्रदेखिनै सरल र गुणस्तरिय न्याय सेवा प्रदान गरी न्यायमा सबैको सहज पहुँच स्थापित गराउन मेलमिलाप केन्द्रका पदाधीकारीलाई पर्याप्त तालिम दिई वडामा पर्ने मुद्दाहरु मेलमिलाप गराउनका लागि अब्बल बनाईने छ ।

९२। उजुरीका पक्षहरुमध्ये पीडित पक्षको पहिचान गरि उचित न्याय दिलाउदै मानव अधिकारको संरक्षण र सम्बर्धन गरिनेछ ।

९३। कानूनी शिक्षालाई समाजको शान्ती स्थापना गर्ने आवश्यक माध्यम मानेर प्रत्येक टोल विकास समितिमा कानूनी सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

९४। न्यायीक समितिले सक्षम र प्रभावकारी रुपमा न्यायिक कार्य सम्पादन गर्दै मानव अधिकारको संरक्षण सम्बर्धन गरी समाजमा हुने हिंसाजन्य घटना र अन्य विवादहरुको न्युनिकरण गरिनेछ ।

९५। न्यायिक समितिमा पर्न आउने विवादको कारवाही प्रकृयामा सुचना प्रविधिको प्रयोग गरी फैसला लेखन, मिलापत्र लेखन लगायतका मुद्दाको प्रकृयागत कामलाई छिटो छरितो र चुस्त दुरुस्त राखिनेछ ।

९६। न्यायीक समितिका पदाधिकारी, मेलमिलाप केन्द्रका संयोजक एवं सदस्य, वडाध्यक्ष र वडासदस्यहरुलाई मौजुदा कानून सम्बन्धी तालिम संचालन गरिनेछ ।

## पर्यटन क्षेत्र तर्फ

९७। पर्यटनलाई स्थानीय जात्रा, सँस्कृति र सम्पदासँग जोडेर स्थानीय तहवाट प्रवर्द्धन गरिनेछ।

९८। केन्द्र र प्रदेश सरकार समेतको सहयोगमा शहिद नेत्र पार्क निर्माण र चारपाने रामचोकमा रहेको सामुदायिक वनलाइ चिल्ड्रेन पार्क, बोटानिकल गार्डेनको रुपमा विकास गरिनेछ। विराटपोखरीको पौराणिक तथा धार्मिक महत्वलाई ध्यानमा राखी उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ। अन्य सार्वजनिक महत्वका पोखरीहरुको पहिचान गरि संरक्षण र सम्वर्द्धन गरिनेछ।

९९। विर्तामोड-६ मा रहेको हरीयाली सामुदायिक बनलाई सामुदायिक पार्कको रुपमा विकसित गर्न सो को DPR तयार गरिनेछ।

१००। विर्तामोड-२ मा अवस्थित साङ्गवेद संस्कृत विद्यालय तथा विवेकाश्रमलाई धार्मिक, पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ। धिमालगढ (विर्तामोड-७), अग्रसेन मन्दिर, विराट भरत विश्रान्ती, गरामनी शक्ति पीठ, धिमाल बस्ती धार्मिक पर्यटकीय स्थल, सदु पोखरी, मधु पोखरी तेलगानी पोखरी लगायत सार्वजनीक पोखरी, धार्मिक, ऐतिहासिक पार्यटकीय क्षेत्रको निर्माण र प्रवर्द्धन गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ

१०१। कन्काई विर्ता अर्जुन नवीकरणीय उर्जा कम्पनीलाई ३ वटा नगरपालिकाको स्वामित्व मा लिई नगरपालिकाहरुको आपसी सहमतीबाट फोहोरमैलाको व्यवस्थापन गरिनेछ। स्रोतमा नै फोहोरको वर्गीकरण गर्ने कार्यलाई अभियानको रुपमा लैजाने र आ. व. ०८०/८१ बाट

कुहिने फोहोरबाट पुर्णरुपमा बायोग्याँस, जैविक मल तथा नकुहिने फोहोरबाट पेर्वस उत्पादन कार्य गरिनेछ ।

१०२। टोल विकास संस्थाहरुसंग सहकार्य गरी फोहोरमैलाको वर्गीकरण र कुहिने प्लाष्टीकजन्य र सिसाजन्य फोहोर छुट्टयाएर राख्ने ३ महिने जागरण अभियान संचालन गरिनेछ तथा सवैलाई अनिवार्य सरसफाई कार्ड लिई तोकिएको संस्थालाई फोहोर उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाइनेछ । शहरी क्षेत्रमा सरसफाई कार्डलाई नगरपालिकावाट प्रवाह हुने सेवा, सुविधासँग आवद्ध गराइनेछ ।

१०३। अस्पताल, कारखाना र औद्योगिक फोहोर सम्वन्धीत उद्योगहरुले नै व्यवस्थापन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०४। प्राकृतिक प्रकोप नियन्त्रण उद्वार र व्यवस्थापन तथा राहत वितरणलाई प्रभावकारी वनाइनेछ ।

१०५। नगर क्षेत्र भित्रका खोला र पैनीको जमिनको साँध सिमाना नक्सांकन गर्ने र नगर क्षेत्रको ऐलानी पर्ति जमिनको नापजाँच गरी जमिनको क्षेत्रफल एकिन गरिनेछ ।

१०६। प्रदुषणमुक्त पूर्ण सरसफाइयुक्त हरित नगर निर्माण गरिनेछ साथै सार्वजनिक खाली ठाउँमा वृक्षारोपण गर्ने कार्य गरिनेछ । हरेक घरधनीले आफ्नो घर अगाडि २ वटा विरुवाहरु रोप्न प्रोत्साहित गरिनेछ ।

१०७। अदुवा खोला, देउनिया खोला, हर्चना खोला, घाग्रा खोला, रेखा खोला, भुतेनी खोलाहरुको तटवन्धन निर्माणको लागि सम्बन्धित निकायसँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८। हात्ती प्रभावित क्षेत्रमा पूर्ण तार घेराबारा निर्माण गर्न सम्वन्धित निकायसँग पहल गरिनेछ ।

१०९। कोइला तथा कोइलाजन्य सामाग्रीको अव्यवस्थित भण्डारणलाई मापदण्ड अनुसार स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ ।

११०। २०२१ सालको नक्सामा रहेको पैनी कुलो र बाटोलाई यथावत राख्न सम्वन्धित निकायमा पहल गरी कायम गरिनेछ ।

## उद्योग, व्यापार व्यवसाय, श्रम तथा रोजगार र सहकारीतर्फ

१११। प्रत्येक उद्यमी व्यापारीले भयरहित वातावरणमा आत्मसम्मानका साथ उद्योग र व्यापार व्यवसाय संचालनलाई सुनिश्चित गर्दै विर्तामोडलाई पूर्वी नेपालकै आकर्षक औद्योगिक र व्यापारिक केन्द्रको रुपमा विकास गर्ने कार्यदिशालाई अवलम्वन गरिनेछ ।

११२। लघु तथा साना र मझौला उद्यम व्यवसाय गर्न इच्छुक युवा युवतीहरुलाई छनौट गरी वस्तु र सेवा उत्पादनको संभाव्यता अध्ययनको आधारमा उचित ठहरिएका लघु तथा साना मझौला उद्योग व्यवसायको प्रवर्द्धनको लागि उद्यमशीलता, सीप विकास र बजार प्रवर्द्धन गरिनेछ ।

११३। सरोकारवाला संघ संस्थाहरु सँगको सहकार्यमा सुरक्षित रात्रीकालीन व्यापार व्यवसाय ( राती १० वजेसम्म) गर्ने वातावरण निर्माण गरिनेछ ।

११४। निजी क्षेत्र र राजनीतिक दलहरुसँगको सहकार्यमा विर्तामोडलाई वन्द हड्ताल निषेधित नगरको रुपमा विकास गरिनेछ ।

११५। विर्तामोडको वडा नं.-२ को गोकुल जोशी मार्ग दक्षिण हाल उद्योगहरु रहेको क्षेत्रलाई औधोगिक क्षेत्र निर्धारण गरी निजी क्षेत्रसँगको सहकार्यमा औधोगिक पूर्वाधार तयार गरेर उद्योगीहरुलाई व्यवसाय गर्न र रोजगार सिर्जना गर्न प्रोत्साहित गरिनेछ ।

CamScanner

११६। नगरमा व्यापारिक कम्प्लेस निर्माण गर्दा नक्सापास कै वखत सार्वजनिक शौचालय र पार्किङको व्यवस्थापन नक्सामा नै राख्नु पर्ने नीति अवलम्बन गरिनेछ । १ वर्ष भित्र व्यपारिक कम्प्लेक्सहरुले पहिचान सहितको सार्वजनिक शौचालन व्यवस्थापन गर्ने गराउने नीति लिइएकोछ ।

११७। दक्ष निर्माण श्रमिकहरुलाई विगतका वर्षहरु देखि नै निरन्तर दिइरहेको भूकम्प प्रतिरोधी भवन निर्माण तालिम संचालन गरिनेछ ।

११८। अदक्ष निर्माण श्रमिकहरुलाई दक्ष वनाई निर्माण क्षेत्रमा यसै नगरका श्रमिकहरुलाई उपयोग गर्न टायल जोड्ने एवम् अन्य निर्माण सम्बन्धी तालिम संचालन गरिनेछ ।

११९। नगर भित्र रहेका कल कारखाना, उद्योग लगायतका क्षेत्रमा कार्यरत नेपाली एवम् विदेशी श्रमिकहरुको तथ्यांक संकलन गरी नेपाली श्रमिकहरुलाई नै क्षमतावान वनाई ती क्षेत्रमा कार्य गर्न सक्ने गरी कार्यक्रम ल्याइनेछ ।

१२०। नगरपालिका भित्र ठेगाना रहेका सबै प्रकृतिका सहकारीहरुलाई नगरपालिकामा आवद्ध गराई आवश्यक सहयोग सुझाव प्रदान गर्नुका साथै आवश्यक पर्ने सहकारी लेखापालन, सहकारी व्यवस्थापन, नेतृत्व विकास आयआर्जन र सबै सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट कारोबार गर्न **copomis** (सहकारी गरीवी व्यवस्थापन सूचना प्रणालीमा) आवद्ध गर्न आवश्यक व्यवस्था र तालिम संचालन गरिनेछ ।

१२१। ऋण लगानीलाई अधिकतम उत्पादनमुखी, स्थानीय स्रोत साधनहरुको प्रभावकारी परिचालन, व्यवसायिकताको विकास वातावरण संरक्षण, रोजगारी सिर्जना, गरिवी न्यूनीकरणतर्फ उच्च प्राथमिकता साथ अगाडी वढाउन जोड दिईनेछ ।

१२२। सहकारी संस्थाबाट हुने ऋण लगानीको क्षेत्रगत वर्गीकरण गरी उत्पादन तथा आयमूलक व्यवस्थापनमा लगानी गर्न र सन्दर्भ व्याजदर अनुसार व्याजदर कायम गर्न जिल्ला सहकारी संघ विषयगत संघहरुसँग समन्वय गरी सघन अनुगमनको व्यवस्था मिलाइनेछ ।

१२३। सहकारी प्रर्वधन विकास सुद्बिढीकरण र सुशासनका लागि अवलोकन भ्रमणको प्रर्वधन मिलाईनेछ ।

## यातायात तथा पूर्वाधार निर्माणतर्फ

१२४। नगरलाई विकास र समृद्धि तर्फ लैजाने दीर्घकालीन सोच अनुसार स्थानीय स्रोत साधन, केन्द्र र प्रदेशको वित्तीय स्रोत, सरोकार वाला र सहयोगी संस्थाहरुको सहकार्य समेत परिचालन गर्दै सडक, पुल र कल्भर्ट, विद्युत, खानेपानी, ढल तथा नाला, सडक वत्ती, कर्मसियल भवन, पार्किङ, उद्यान र पार्क, बजार केन्द्र विस्तार, सार्वजनिक शौचालय, फोहोरमैला व्यवस्थापन, हरियाली तथा नगरको सौन्दर्यकरण जस्ता पूर्वाधार निर्माण गर्न तथा कृषि उद्योग र पर्यटन एवं शिक्षा स्वास्थ्य र सुचना संचारको विकास गरि संमृद्ध नगर वनाउनको निम्ती ५ वर्षे नगर आवधिक योजनालाई क्रमश कार्यान्वयन गरिनेछ ।

१२५। नगर सडक गुरुयोजना तयार गरी सडकहरुको वर्गीकरणको आधारमा सडक पीच तथा पेर्वस र अन्य सडकहरु ग्राभेल एव स्तरउन्ती गरिनेछ । प्राथामिकीकरणको आधारमा पूल तथा कलर्भट निर्माण गरिनेछ ।

१२६। वडा कार्यालयसम्म पुग्ने सबै सडकहरु तथा अन्य **P 1** मा परेका महत्वपूर्ण सडकहरुमा आगामी ५ वर्ष भित्र कालोपत्रे वा पेवर्स गरिनेछ ।

१२७। विद्युत, संचार, सडक, खानेपानी र ढल आदि निर्माणका कार्य उचित समन्वय गरी योजना वनाएर समन्वय गर्ने कार्यको थालनी गरिनेछ । विर्तामोडको मुख्य सहरी क्षेत्र वडा नं.-१, ३,

CamScanner

४ र ५ को पानी निकास र ढलका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य आगामी वर्ष सम्पन्न गरिनेछ ।

१२८। उज्यालो नगरको अवधारणलाई पूर्णतया कार्यान्वय गरिनेछ र विद्युत जडान गर्न वाकी रहेका घर परिवारमा विद्युत जडान गरिनेछ र **Transformer** थप गरी **Voltage** को क्षमतामा सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

१२९। अति विपन्न, दलित, लोपोन्मूख, सीमान्तकृतका लागि विपन्न आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०। **एक घर, एक धारा** अभियानलाई विस्तार गरी नगरवासीलाई स्वच्छ खानेपानी सेवा उपलव्ध गराइनेछ ।

१३१। ठेक्का प्रक्रियावाट निर्माण भईरहेका वहुवर्षीय योजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी वजेट व्यवस्थापन गरिनेछ । साथै नगर गौरवका योजनाहरु छनौट गरी प्राथमिकतामा आधारमा संघ तथा प्रदेशसँगको साझेदारीमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

१३२। राष्ट्रिय भवन संहिता **(NBC)** अनुरुप भवन निर्माणको इजाजत उपलव्ध गराउने कार्यलाई प्रभावकारी वनाईनेछ ।

१३३। नगरवाट इजाजत प्राप्त नगरी निर्माण भएका भवनहरुमा व्यापार व्यवसाय गर्न अनुमति दिइने छैन । नयाँ निर्माण हुने व्यापारीक भवनहरुमा अनिवार्य रुपमा २४ घण्टा संचालन हुने सार्वजनिक शौचालय हुनुपर्ने व्यवस्था गरिनेछ ।

१३४। व्यापारिक कम्प्लेक्स, वित्तिय संस्था, होटलहरुले ६ महिना भित्रमा आफ्ना ग्राहकहरुका लागि नीजि पार्किङ्गको व्यवस्थालाई कडाईका रुपमा लागु गरिनेछ ।

१३५। नयाँ निर्माण हुने भवनमा कम्तीमा २ वटा रुखका विरुवा रोप्ने र हुर्काउने शर्त राखिनेछ ।

१३६। तत्कालिन नगर विकास समितिवाट घर नक्सा पासका लागि राजश्व तिरी प्रक्रियामा रहेको भवनहरुको स्थलगत निरीक्षण गरी नक्सा अनुरुप भवन निर्माण भएको अवस्थामा तोकिएको दस्तुर लिई अभिलेखिकरण प्रमाण पत्र दिने व्यवस्था लागू गरिनेछ । नक्सा अनुरुप भवन निर्माण नभएमा नयाँ प्रक्रियावाट अभिलेखिकरण गर्ने नीति लिइएको छ ।

१३७। मापदण्ड विपरित र नक्सा पास नगराई वनाइएका संरचनाहरु नगरको सडक तथा ढल वनाउँदा क्षति हुन गएमा घरधनीले नै व्यहोर्नु पर्ने नीतिलाई अगाडि वढाइनेछ ।

१३८। उपभोक्ता समितिहरुका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सवै योजनाहरुमा उपभोक्ताहरुको सहभागितालाई सुनिश्चित गरिनेछ ।

१३९। शहरी वडाहरु १, ३, ४, ५ क्षेत्र मा नाला निर्माणमा लागत अनुमानको ४०% र प्लम, पेवर्स, सडक कालोपत्रे निर्माण, भवन तथा अन्य संरचनाको लागि उपभोक्ताहरुको २०% नगद लागत सहभागिता हुनुपर्नेछ । अन्य वडाहरुमा पेवर्स, सडक, तटवन्धन, कल्भर्ट, भवन तथा अन्य संरचनाहरुमा उपभोक्ताहरुको २०% श्रम सहभागिता रहने गरी उपभोक्ता समितिहरु परिचालन गरिनेछ ।

१४०। नगरको विभिन्न स्थानमा खुला व्यायामशाला निर्माण गरी नागरिकहरुलाई स्वस्थ रहन प्रोत्साहित गरिनेछ ।

१४१। हाइवे क्षेत्रमा सडक छोएर पार्किङ गर्ने ठूला मालवाहक गाडीहरुको पार्किङको व्यवस्था अन्यत्र मिलाउन सम्वन्धित निकायसँग समन्वय गरिनेछ ।

## युवा तथा खेलकूदतर्फ

CamScanner

१४२। श्रम बजारमा वर्षेनी आउने युवा वेरोजगार श्रमशक्तिको योग्यता र रुचि अनुसारको खण्डीकृत प्रोफाइल तयार गरी नगरपालिकाको रोजगार शाखामा अद्यावधिक गरी वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सीप अनुसारको थप व्यवसाय संचालन गर्न र रोजगार सिर्जना गर्न रोजगार शाखाले समन्वय गर्नेछ ।

१४३। नगर भित्रका खेल मैदान‌लाई व्यवस्थित बनाई क्रिकेट, फुटवल, भलिवल तथा अन्य खेलको प्रवर्द्धन गरिनेछ । मुख्य मुख्य खेलको नगर टीम निर्माण गर्न प्रोत्साहित गरिनेछ । नगरमा वार्षिक रुपमा खेलकूदका कार्यक्रम संचालन गरिनेछ ।

१४४। डोमालाल राजवंशी स्मृति रंगशालाको स्तरोउन्नतिका लागि डिपिआर तयार गरी संघ तथा प्रदेश सरकारसँग आवश्यक बजेट मांग गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१४५। विर्तामोड ८ मा रहेको दुर्गा देवी गुठीको जग्गामा क्रिकेट खेल मैदान निर्माण गर्न सम्भाब्यता अध्ययन गरिनेछ ।

१४६। खेलकूद र युवा सशक्तिकरणको प्रबर्द्धन गर्न वित्तिय तथा अन्य संघ संस्थाहरुको संस्थागत सामाजिक उत्तरदायित्व समावेश गर्न सहकार्य गरिनेछ ।

१४७। राष्ट्रियस्तरको डिभिजन टिममा छनौट भई खेल्ने अवसर प्राप्त फुटवल, क्रिकेट, भलिवल तथा अन्य खेलका टिमलाई अनुदान दिइनेछ ।

## कला, साहित्य, संगीत, चलचिल, भाषा, धर्म, सस्कृति र सभ्यतातर्फ

१४८। कला, साहित्य, संगीत, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन गरी साँस्कृतिक पर्यटनको समेत विकास गरिनेछ ।

१४९। आवश्यकता अनुसार मठ, मन्दिर, मस्जिद, गुम्बा, छठ भवन, चर्च, जातीय र साँस्कृतिक महत्वका भवन र संरचना, आश्रम, शक्तिपीठ र पुरातात्विक र ऐतिहासिक धार्मिक महत्वका संरचनाको संरक्षण तथा निर्माणमा यथोचित सहयोग गरिनेछ ।

## सामाजिक सुरक्षा र लक्षित समूहतर्फ

१५०। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, दलित आदिवासी जनजाति, मधेशी, लोपोन्मुख लगायतका लक्षित वर्ग तथा समुदायहरुको जिविकोपार्जन तथा आवाजमा सशक्तिकरण गर्न तथा विभेदजन्य नीति, परम्परा र अभ्यास हटाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५१। वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्न सवै वडाहरुमा वडास्तरीय बाल क्लव र नगर स्तरीय बाल सञ्जाल निर्माण गरी अभियानको रुपमा कार्यक्रम संचालन गरिनेछ ।

१५२। स्थानीय संघ संस्था, टोल विकास संस्था, महिला तथा आमा समुहहरुसँग सहकार्य गरी सचेतनामुलक तथा सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१५३। विपन्न आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै नगर भित्रका न्यूनतम २४०० विपन्न परिवारहरुको स्वास्थ्य वीमा गर्ने र स्वास्थ्य वीमालाई अभियानको रुपमा संचालन गरिनेछ ।

१५४। प्राविधिक तथा व्यवसायिक तालिम दिई कम्तीमा **एक घर एक व्यवसायिक व्यक्ति** तथा **एक घर एक रोजगार**को नीति अंगिकार गरिनेछ ।

१५५। लैङ्गिक उत्तरदायी बजेट मार्फत महिला र सीमान्तकृत समुदायलाई समावेश गरी लैङ्गिक समानता र सवै जातजातिको समुदायलाई अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरको प्रभावलाई सम्वोधन गर्दै लैङ्गिक मुलप्रवाहीकरण गर्दै लैजाने नीति रहनेछ ।

CamScanner

१५६। गरिब तथा विपन्न वर्गका युवा युवतीहरुलाई सरकारी सेवामा प्रवेश गर्न उत्प्रेरित गराउन लोक सेवा आयोगको तयारी कक्षा संचालन गरिनेछ।

## सुशासन तथा विज्ञान, प्रविधि, सूचना र संचारतर्फ

१५७। विज्ञान, प्रविधि, सूचना र सञ्चारको अधिकतम प्रयोग गरी विर्तामोडलाई **सूचना र संचारको हबको रुपमा विकास गरिनेछ।**

१५८। नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल सहज पारदर्शी र प्रभावकारी वनाउनको निम्ती आवश्यक सफ्टवयेर खरिद गरि हाल प्रयोगमा रहेको सफ्टवेयरसँग समायोजन गरी नगरपालिकाबाट प्रदान गरिने अधिकतम सेवा सुविधाहरुलाई अनलाईन प्रणालीबाट सेवा सुविधाहरु प्रदान गरिनेछ। जन्मदर्ता प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र र विवाह दर्ता प्रमाण पत्र फारमहरुको लागि अनलाइन आवेदन फाराम भर्ने प्रावधान अझ प्रभावकारी र सहज वनाईनेछ।

१५९। सवै वडा कार्यालय, नगरपालिकाको कार्यालयमा इन्ट्रानेट र नेटवर्किङ सेवा विस्तारलाई निरन्तरता दिईनेछ। उक्त सेवालाई क्रमश स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा पनि विस्तार गर्दै लगिनेछ।

१६०। नगर क्षेत्र भित्र रहेका संचार संस्था र संचारकर्मीलाई स्थानीय सरकारले गरेको कामको वारेमा गरेको समाचार, गतिविधि, रिर्पोट, अन्तरवार्ता आदि प्रकाशन र प्रसारण गरेको मूल्याङ्कन गरी वार्षिकरुपमा पुरस्कृत गरिनेछ।

१६१। विर्तामोड नगरपालिकामा सूचीकृत भई यहीको भूगोलबाट संचालित संचार माध्यमहरुलाई वर्गीकरण गर्दै हाल प्रदान गरिदै आएको लोक कल्याणकारी विज्ञापनलाई समुचित ढंगले वितरण गरिनेछ।

१६२। वडा कार्यालय र नगर अस्पतालमा **CC Camera** जडान गरी नगरपालिकाबाट नियमन गर्ने व्यवस्था गरिनेछ भने क्रमशः विद्यालयमा भएका **CC Camera** लाई पनि नगरपालिकाबाट नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१६३। नगरपालिकाबाट प्रवाह हुने विभिन्न सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्न विर्तामोड नगरपालिका, वडा कार्यालय, नगर अस्पतालमा **Free Wifi** राखिनेछ र न.पा.क्षेत्रभित्रका केही प्रमुख स्थलहरुमा विस्तार गरिनेछ।

१६४। राजश्व र कर भुक्तानी प्रकृयालाई अनलाईन/ईपेमेन्ट प्रणाली मार्फत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइनेछ।

१६५। नगरका आवश्यकता पहिचान र प्राथमिकरण, योजना तर्जुमा र अनुगमन कार्यमा सहयोग पुऱ्याउन कानून वनाई तोकिएको काम गरिनेछ।

१६६। सार्वजनिक सम्पत्ति तथा जमीनको खोजी गरी यसको लगत अधावधिक गरिनेछ र सार्वजनिक जमीनको संरक्षण र सदुपयोग गरिनेछ।

१६७। प्रत्यक वडा कार्यालय तथा नगरपालिकाको कार्यालयमा प्रभावकारी गुनासो तथा सुझाव पेटीका राखिनेछ।

१६८। चौमासिक रुपमा सार्वजनिक सुनवाई, सेवाग्राही सन्तुष्टी मापन गरी सुशासन प्रवर्द्धन गरिनेछ।

१६९। स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कन, वित्तीय जोखिम न्यूनीकरण लेखाजोखा, लैङ्गिक वजेट परीक्षणजस्ता विधिहरु प्रयोग गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिनेछ।

CamScanner

१७०। आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुको आफ्नै कार्यालय भवन निर्माण गर्न जग्गा व्यवस्थापन भईसकेका वडाहरुमा प्राथमिकताका आधारमा भवन निर्माण गर्दै लगिनेछ ।

## विविध

१७१। अर्जुनधारा नगरपालिकासंग सहकार्य गरी यातायातका साधनहरु तथा नयाँ वसपार्क सञ्चालन र व्यवस्थापन सम्बन्धि ऐन तथा कार्यविधि वनाई लागु गरिनेछ ।

१७२। तिनै तहका सरकारको समन्बयमा युटिलिटी कोरिडोरको संम्भाव्यता अध्ययन गरिनेछ ।

१७३। भारतीय नागरिकले व्यापार व्यवसाय तथा कार्य गर्न नगरपालिकाको स्वीकृती लिने व्यवस्था मिलाउने तथा नगर क्षेत्र भित्रका घरहरुमा भाडा लिई वसोबास गर्ने परिवारहरुले सम्वन्धित वडामा लगत दर्ता गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

१७४। सुकुम्बासीहरुलाई जग्गाधनी पुर्जा उपलब्ध गराउन सम्वन्धित निकायसँग सहकार्य गरिनेछ ।

१७५। आगामी ५ वर्षभित्र तीनै तहका सरकारको लगानीमा निम्न नगर गौरवका आयोजनाहरु कार्यान्वयन गरिनेछ ।

- नगर रिङरोड निर्माण गरिनेछ ।
- डिजिटल सेवा प्रवाहका लागि प्रविधियुक्त प्रशासनिक भवन निर्माण गरिनेछ ।
- डोमालाल राजवंशी स्मृति रंगशाला स्तरोन्नती गरिनेछ ।
- वुधबारे वजार (देवी हाट) लाई व्यवस्थीत गर्दै वहुतले पार्कीगं सहितको व्यवसायिक भवन निर्माण गरिनेछ ।
- बुट्टाबारी प्याकुरेलचोक जोड्ने स्मार्ट सडक निर्माण गरिनेछ ।
- बिर्ता बजार कृषि तथा सामुदायिक भवन निर्माण गरिनेछ ।
- थप ४ तले नया भवन निर्माण सम्पन्न गरी नगर अस्पताल २५ वेडमा स्तरोन्नती गरि सुविधा सम्पन्न वनाईनेछ ।
- सबै खेतीयोग्य जमिनमा सिचाँई सुविधा उपलब्ध गराईनेछ ।
- सबै वडा तथा टोलहरुमा पाईपलाइन खानेपानी विस्तार गरिनेछ ।

## आ. व. ०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम

| आयतर्फ | |
|---|---|
| संघीय सरकार समानीकरण अनुदान | २०,३६,००,०००.०० |
| संघीय सरकार राजश्व बाँडफाड | १३,१६,९२,०००.०० |
| प्रदेश समानीकरण अनुदान | १,३४,०४,०००.०० |
| प्रदेश राजश्व बाँडफाड | १,१९,७८,०००.०० |
| सशर्त अनुदान (प्रदेश सरकार) | ६२,२५,०००.०० |
| समपुरक अनुदान (प्रदेश सरकार) | १,२९,५१,०००.०० |
| आन्तरिक आय | ३२,००,००,०००.०० |
| जनसहभागिता/लागत सांझेदारी कार्यक्रम | २,५०,००,०००.०० |
| सशर्त अनुदान चालु (संघीय सरकार) | २९,०६,००,०००.०० |
| सशर्त अनुदान पुंजीगत (संघीय सरकार) | ३६,७६,००,०००.०० |
| समपुरक अनुदान (संघीय सरकार) | ६५,००,०००.०० |
| विशेष अनुदान (संघीय सरकार) | २,००,००,०००.०० |

CamScanner

| | |
|---|---|
| जम्मा | १४०,९५,५०,०००.०० |
| **व्यय तर्फ** | |
| प्रशासनिक (चालु) खर्च | २०,५०,००,०००.०० |
| थप स्वास्थ्यकर्मी तलब | १,००,००,०००.०० |
| बहुबर्षे/क्रमागत योजनाको दायित्व | ६,३५,२४,०००.०० |
| शिक्षा विकास | २,५०,००,०००.०० |
| कृषि विकास | १,००,००,०००.०० |
| पशु विकास | ७५,००,०००.०० |
| स्वास्थ्य | १,००,००,०००.०० |
| विपद् व्यवस्थापन | ५०,००,०००.०० |
| मर्मत सम्भार कोष | १,५०,००,०००.०० |
| सडक सुधार तथा हेभी इक्युपमेन्ट सञ्चालन खर्च | ५०,००,०००.०० |
| लक्षित | १,००,००,०००.०० |
| युवा खेलकुद कार्यक्रम | ४०,००,०००.०० |
| लघु उद्यम विकास कार्यक्रम | २०,००,०००.०० |
| सहकारी क्षेत्र | १०,००,०००.०० |
| विपन्न आवास निर्माण कार्यक्रम | ५०,००,०००.०० |
| समपूरक कोष | २,००,००,०००.०० |
| विपन्न स्वास्थ्य बिमा कार्यक्रम | ७०,००,०००.०० |
| नगर अस्पताल सञ्चालन | १,५०,००,०००.०० |
| नगर प्रशासनिक भवन निर्माण (साझेदारी) | १,००,००,०००.०० |
| लोककल्याणकारी सूचना-सन्देश/विज्ञापन/सचेतना कार्यक्रम | ५०,००,०००.०० |
| फोहोरमैला व्यवस्थापनका लागि नवीकरणीय उर्जा कम्पनीसँग सहकार्य | १,५०,००,०००.०० |
| बुधबारे हटियामा बहुतले पार्किङ्क सहितको सपिङ्मल निर्माण | २,५०,००,०००.०० |
| वडास्तरीय योजना तथा कार्यक्रम | १०,००,००,०००.०० |
| जनसहभागिता/लागत साझेदारी कार्यक्रम | २,५०,००,०००.०० |
| रिभल्विङ्ग फण्ड (सोधभर्ना हुने) | ४,००,००,०००.०० |
| सशर्त अनुदान चालु (संघीय सरकार) | २९,०६,००,०००.०० |
| सशर्त अनुदान पुंजीगत (संघीय सरकार) | ३६,७६,००,०००.०० |
| समपुरक अनुदान (संघीय सरकार) | ६५,००,०००.०० |
| विशेष अनुदान (संघीय सरकार) | २,००,००,०००.०० |
| समपुरक अनुदान (प्रदेश सरकार) | १,२९,५१,०००.०० |
| सशर्त अनुदान (प्रदेश सरकार) | ६२,२५,०००.०० |
| जम्मा | १३४,३९,००,०००.०० |
| नगरंस्तरीय योजना | ६,५६,५०,०००.०० |

| | |
|---|---|
| कुल जम्मा | १४०,९५,५०,०००.०० |

# प्रशासनिक तथा चालु खर्चको विवरण

| सि.नं. | खर्च शिर्षक | खर्च शीर्षक नं. | विनियोजित |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २१११११ | ४,१५,००,०००.०० |
| २ | पोशाक | २११२१ | २०,००,०००.०० |
| ३ | खाद्यान्न | २११२२ | १०,००,०००.०० |
| ४ | महंगी भत्ता | २११३२ | ३०,००,०००.०० |
| ५ | कर्मचारी बैठक भत्ता | २११३४ | १५,००,०००.०० |
| ६ | कर्मचारी प्रोत्साहन पारिश्रमिक | २११३५ | ४०,००,०००.०० |
| ७ | अन्य भत्ता | २११३९ | ३०,००,०००.०० |
| ८ | पदाधिकारी बैठक भत्ता | २११४१ | ३०,००,०००.०० |
| ९ | पदाधिकारी अन्य सुबिधा | २११४२ | १,१५,००,०००.०० |
| १० | पदाधिकारी अन्य भत्ता | २११४९ | ५,६०,०००.०० |
| ११ | कर्मचारी कल्याण कोष | २१२१४ | ५०,००,०००.०० |
| १२ | पानी तथा बिजुली | २२१११ | १०,००,०००.०० |
| १३ | संचार महसुल | २२११२ | १०,००,०००.०० |
| १४ | सार्वजनिक उपयोगिताको सेवा खर्च | २२११३ | ७,००,०००.०० |
| १५ | इन्धन (पदाधिकारी) | २२२११ | १५,००,०००.०० |
| १६ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | ६५,००,०००.०० |
| १७ | सवारी साधन मर्मत खर्च | २२२१३ | ३५,००,०००.०० |
| १८ | बिमा तथा नवीकरण खर्च | २२२१४ | २०,००,०००.०० |
| १९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | २०,००,०००.०० |
| २० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | १७,४०,०००.०० |
| २१ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | ५०,००,०००.०० |
| २२ | इन्धन - अन्य प्रयोजन | २२३१४ | १,००,०००.०० |
| २३ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | ४०,००,०००.०० |
| २४ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | ५,००,०००.०० |
| २५ | सेवा र परामर्श खर्च | २२४११ | ५५,००,०००.०० |
| २६ | नगरपालिका तथा वडा कार्यालयहरुमा सूचना तथा प्रविधि व्यवस्थापन | २२४१२ | ४०,००,०००.०० |
| २७ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | १०,००,०००.०० |
| २८ | करार सेवा शुल्क | २२४१३ | ६,२५,००,०००.०० |
| २९ | अन्य सेवा शुल्क | २२४१९ | १,००,०००.०० |
| ३० | कर्मचारी तालिम खर्च | २२५११ | ५,००,०००.०० |
| ३१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २२५१२ | १०,००,०००.०० |
| ३२ | विविध कार्यक्रम खर्च | २२५२९ | ५,००,०००.०० |
| ३३ | अनुगमन, मूल्यांकन खर्च | २२६११ | १०,००,०००.०० |
| ३४ | भ्रमण खर्च | २२६१२ | २५,००,०००.०० |
| ३५ | अन्य भ्रमण खर्च | २२६१९ | १,००,०००.०० |

| | | | |
|---|---|---|---|
| ३६ | विविध खर्च | २२७११ | ४०,००,०००.०० |
| ३७ | सभा सञ्चालन खर्च | २२७२१ | १०,००,०००.०० |
| ३८ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २५३१४ | ३०,००,०००.०० |
| ३९ | अन्य सस्था सहायता | २५३१५ | १०,००,०००.०० |
| ४० | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २७२१२ | १५,००,०००.०० |
| ४१ | घरभाडा | २८१४२ | २०,००,०००.०० |
| ४२ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | १२,००,०००.०० |
| ४३ | सवारी साधन | ३११२१ | १५,००,०००.०० |
| ४४ | मेशिनरी तथा औजार | ३११२२ | २५,००,०००.०० |
| ४५ | फर्निचर तथा फिक्चर्स | ३११२३ | ३०,००,०००.०० |
| | कुल जम्मा | | २०,५०,००,०००.०० |

**निर्णय नं ३-** मिति २०८०।०३।१० गते हुने नगरसभामा तपशिलमा उल्लेखित विद्ययेकहरु पेश गर्ने निर्णय गरियो।

**तपशिल**

- आर्थिक विद्ययेक २०८०,
- विनियोजन विद्ययेक २०८० ,
- लिखत प्रमाणीकरण सम्वन्धी विद्ययेक,२०८०
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७८ लाई संशोधन गर्न बनेको विद्ययेक २०८०,
- न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विद्ययेक २०८०,
- वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विद्ययेक, २०८०
- न्यायिक समितिको आ.ब. ०७९/०८० को प्रतिवेदन,

**निर्णय नं ४-** विविध

क) बिर्तामोड नगरपालिका वडा नं ३ बस्ने उर्मिला राजवंशीको छोरा ओम कुमार राजवंशीलाई मृगौला प्रत्यारोपणका लागि नगर प्रमुखज्यूको निर्णयबाट उपलब्ध गराईएको रकम रु २५०००।- पच्चीस हजार अनुमोदन गर्ने निर्णय गरियो।